福岡市 FUKUOKA CITY

# अपुग रकम भुक्तानी (पुष्टि पत्र) सम्बन्धी जानकारी

## प्राप्त गर्नको लागि प्रक्रिया गर्नु पर्नेछ।

## ▶ अपुग रकम भुक्तानीको बारेमा

मूल्यवृद्धिको कारण पारिवारिक खर्चमा परेको भारलाई कम गर्नको लागि आर्थिक वर्ष रेइवा 6 सालमा निश्चित रकम कर छुट (आय करबाट 30,000 येन र आयमा आधारित निवासी करबाट 10,000 येन) दिइने भएको छ। साथै रेइवा 5 सालको आयको आधारमा हिसाब गरी पर्याप्त कर छुट गर्न नसकिने भनेर ठहर गरिएका व्यक्तिहरूलाई समायोजन रकम वितरण गरिएको थियो। रेइवा 6 सालको आय कर तथा निश्चित कर छुट रकम निर्धारण गरेपछि पुन: हिसाब गरी, भुक्तानी रकम अपुग भएका व्यक्तिहरू आदिलाई अपुग रकम वितरण गरिनेछ।

## ▶ अपुग रकम भुक्तानी वितरणको प्रक्रिया

प्राप्त गर्नको लागि आवेदन दिनु पर्नेछ। भुक्तानीको दायरामा पर्ने व्यक्तिहरूलाई "अपुग रकम भुक्तानीको वितरण पुष्टि पत्र" पठाइएको छ। "अपुग रकम भुक्तानीको वितरण पुष्टि पत्र" मा परिचय खुल्ने कागजात, प्राप्त गर्ने खाता पुष्टि गर्न सकिने कागजातको प्रतिलिपि आदि टाँसेर पेस गर्नुहोस्।

**पेस म्याद: रेइवा 7 साल अक्टोबर 31 तारिख (शुक्रबार) *यो मितिको हुलाक चिन्ह मान्य हुनेछ।**

वडा कार्यालय र सहर कार्यालयको काउन्टरमा पेस गर्न सकिँदैन।

## ▶ अपुग रकम भुक्तानीको दायरामा पर्ने व्यक्तिहरू तथा वितरण रकम

### अपुग रकम भुक्तानी Ⅰ

**दायरामा पर्ने व्यक्तिहरू**

आर्थिक वर्ष रेइवा 6 सालको निवासी करमा पर्याप्त निश्चित रकम कर छुट गर्न नसकिएको रकम (आयमा आधारित निवासी करको छुट नपुगेको रकम) र रेइवा 6 सालको आय करमा पर्याप्त निश्चित रकम कर छुट गर्न नसकिएको रकम (आय करको छुट नपुगेको रकम) जोड्दा आएको कुल रकम, समायोजन भुक्तानी रकम भन्दा बढी भएका व्यक्तिहरू

**भुक्तानी रकम**

वास्तवमा भुक्तानी गर्नुपर्ने रकम

आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर आयमा आधारित करको छुट नपुगेको रकम (①) + रेइवा 6 सालको आय करको छुट नपुगेको रकम (②) = छुट नपुगेको रकम (③) (①+②) → भुक्तानी गर्नुपर्ने रकम (④)

बायाँ लेखिएको ③ लाई 10,000 येन एकाइमा बढाइनेछ।

*"छुट नपुगेको रकम" ले पर्याप्त निश्चित रकम कर छुट गर्न नसकिएको रकमलाई जनाउँछ।

वितरण रकम

भुक्तानी गर्नुपर्ने रकम (④) - आर्थिक वर्ष रेइवा 6 सालमा समायोजन भुक्तानीको रूपमा वितरण गरिएको रकम = अपुग रकम भुक्तानीको वितरण रकम

### अपुग रकम भुक्तानी Ⅱ

**दायरामा पर्ने व्यक्तिहरू**

निम्न सबै सर्तहरू पूरा गरेका व्यक्तिहरू दायरामा पर्नेछन्।
▽आय कर र आयमा आधारित निवासी कर दुबै छुट भएको हुनुपर्छ।
▽कर प्रणाली अन्तर्गत आश्रित परिवारको सदस्यको दायरामा परेको हुनु हुँदैन।
▽न्यून आय परिवारलाई दिइने अनुदानको दायरामा पर्ने परिवारको घरमूली वा परिवारको सदस्य हुनु हुँदैन।

**भुक्तानी रकम**

40,000 येन (निश्चित रकम)
*रेइवा 6 साल जनवरी 1 तारिखको मितिमा विदेशमा बसोबास गरेको व्यक्तिको लागि "30,000 येन (निश्चित रकम)"

पछाडिको भाग पनि निश्चय गर्नुहोस्।

福岡市 不足額給付 खोज्ने

## ◯पेस गर्नु अघि निम्न कुराहरू निश्चय गर्नुहोस्।

- आवश्यक जानकारी लेख्न छुटेमा वा संलग्न कागजातहरू स्पष्ट नभएमा पेस गरिएका कागजातहरूमा त्रुटि भएको मानिनेछ।
- पेस गरिएका कागजातहरूमा त्रुटि भएको खण्डमा तपाईंलाई सम्पर्क गरिन सक्छ।
- लामो समय प्रयोग नगरेको खाता नलेख्नुहोस्।
- प्रतिनिधि मार्फत प्राप्त गर्न सक्ने अधिकार कानुनी प्रतिनिधि (वयस्क संरक्षक आदि) मा मात्र हुन्छ। कानुनी प्रतिनिधि नभएका आफन्तहरू आदिले प्राप्त गर्न सक्नेछैनन्। तपाईंको सट्टामा परिवारको सदस्य आदिले जानकारी भर्ने अवस्थामा, ती प्रतिनिधि नहुने हुनाले आफ्नो नाममा भएको खाता लेख्नुहोस्।
- कानुनी प्रतिनिधिले आवेदन दिई प्राप्त गर्ने खण्डमा प्रतिनिधिको परिचय खुल्ने कागजात र सम्बन्धित व्यक्तिसँगको सम्बन्ध थाहा हुने कागजात (परिवार दर्ता गरिएको सबैको व्यक्तिगत विवरण प्रमाणित गर्ने कागजात वा अदालतले निर्णय गरेको कुरा पुष्टि गर्न सकिने कागजात आदि) आवश्यक पर्नेछ।

  *3 महिना भित्र जारी भएका कागजातहरू मात्र मान्य हुनेछन्।
- पेस गरिएका कागजातहरू फिर्ता गरिनेछैन। यो कुरा बुझिराख्नुहुन अनुरोध गर्दछौं।

## ▶ अपुग रकम भुक्तानीको वितरण समय

फुकुओका सहरले आवेदन स्वीकार गरेको 3 हप्ता जतिको योजना रहेको छ। प्रगति स्थिति सम्बन्धी जानकारीको लागि होमपेजमा हेरी निश्चय गर्नुहोस्।
*छानबिन, पेस गरिएका कागजातहरूको पुष्टि आदिले गर्दा बैंक स्थानान्तरण ढिलो हुने अवस्थाहरू आउन सक्छ।

छानबिन स्थिति आदिबारे सोधपुछ गर्ने बेला आवश्यक पर्ने हुनाले

**पुष्टि पत्रमा लेखिएको सोधपुछ ID र पासवर्ड लेखेर राख्नुहोस्।**

| |
|---|
| सोधपुछ ID: |
| पासवर्ड: |

प्रायः सोधिने प्रश्नहरू र प्रगति स्थिति सम्बन्धी जानकारीको लागि सहरको होमपेज हेरी निश्चय गर्नुहोस्।

**"बैंक स्थानान्तरण ठगी" र "व्यक्तिगत जानकारीको चोरी"** प्रति सावधान रहनुहोस्!

- प्रक्रिया गर्दा कदापि स्वचालित टेलर मेसिन (ATM) प्रयोग गर्न भनिनेछैन।
- हामी भुक्तानी रकमको कुरा लिएर तपाईंको घरमा कदापि आउनेछैनौं।

तपाईंलाई कसैले आफू फुकुओका सहरको कर्मचारी आदि भएको भन्दै शंकास्पद फोन गरेमा वा कोही घरमा भेट्न आएको खण्डमा नजिकको प्रहरी कार्यालय वा प्रहरी परामर्श हटलाइन (＃9110)मा सम्पर्क गर्नुहोस्।

## お問い合わせ　Inquiries　咨询电话　문의처　Liên hệ　सोधपुछ


### 福岡市不足額給付金コールセンター

Fukuoka City Shortfall Benefit Call Center
福冈市差额补助金呼叫中心
후쿠오카시 부족액 급부금 콜센터
Tổng đài tiền trợ cấp cho khoản tiền còn thiếu của thành phố Fukuoka
फुकुओका सहर अपुग रकम भुक्तानी कल सेन्टर

**Tel:0120-835-250**
**FAX:050-3527-0212**
**Eメール: fusokugakukyufu@fukuoka-fuc.com**


Support available in English, Chinese, Korean, Vietnamese and Nepali

受付時間　平日午前9時～午後6時（土･日･祝日休み）
Lines open: weekdays 9:00 a.m. –6:00 p.m. (lines closed: weekends and public holidays)
受理时间  工作日9：00—18：00（周六周日法定节假日不受理）
운영시간 평일 오전9시~오후6시(토・일・공휴일 휴무)
Thời gian tiếp nhận: Các ngày trong tuần từ 9:00 ~ 18:00 (nghỉ vào thứ Bảy, Chủ Nhật, ngày nghỉ lễ)
खुल्ने समय: अफिस खुल्ने दिनको बिहान 9:00 बजेदेखि बेलुकी 6:00 बजेसम्म (शनि, आइत, र रातो बिदाको दिनमा बन्द)

---

The information on this leaflet is available in multiple languages on the Fukuoka City official website.
本宣传单的相关内容以多语言刊登在官网。
본 안내지 내용에 관한 정보는 홈페이지에 다언어로 게재합니다.
Thông tin liên quan đến nội dung của tờ rơi này được đăng tải trên trang chủ bằng nhiều thứ tiếng.
यो सूचनाको विवरण सम्बन्धी जानकारीलाई होमपेजमा बहुभाषामा राखिएको छ।